# तामाकोशी गाउँ कार्यपालिका

## बैठक नं. ४४

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोणप्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा मिति २०८१ मंसिर २३ गते आईतवार बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थितिः

अध्यक्ष श्री प्रोणप्रताप के.सी.

उपाध्यक्ष श्री सृजना खड्का सुवेदी

सदस्य (वडाध्यक्ष वडा नं. १) श्री बसन्त बहादुर थापा क्षेत्री

सदस्य (वडाध्यक्ष वडा नं. २) श्री ईश्वर राज कार्की

सदस्य (वडाध्यक्ष वडा नं. ३) श्री रामप्रसाद काफ्ले

सदस्य (वडाध्यक्ष वडा नं. ४) श्री नारायण खड्का

सदस्य (वडा अध्यक्ष वडा नं. ५) श्री शम्भु प्रसाद फुयाल

सदस्य (वडाध्यक्ष वडा नं. ६) श्री कृष्ण प्रसाद फुयाल

सदस्य (वडाध्यक्ष वडा नं. ७) श्री खुस बहादुर सुनुवार

सदस्य श्री रिता पोखरेल

सदस्य श्री सुनिता विश्वकर्मा

सदस्य श्री ईन्दिरा कार्की

सदस्य श्री संगिता बि.क.

सदस्य श्री नरध्वज सुनुवार

सदस्य श्री सुमन मिजार

नि.प्र.प्र.अधिकृत विमल प्रसाद निरौला

**बैठकका प्रस्तावहरु:**

१) जग्गा प्राप्ती सम्बन्धमा ।
२) राष्टपति रनिङशिल्ड प्रतियोगिता संचालन सम्वन्धमा ।
३) अथिति आमन्त्रण गर्ने सम्वन्धमा ।
४) कामकाज समन्वय सम्वन्धमा ।
५) कार्यक्रम वितरण सम्वन्धमा ।
६) रकम निकासा सम्वन्धमा ।
७) सम्झौता सम्वन्धमा ।
८) भेडापालन प्रवर्धन कार्यक्रम सम्बन्धमा ।
९) अध्ययन विदा स्विकृत गर्ने सम्वन्धमा ।
१०) नियुक्ति सम्वन्धमा ।
११) गाउँ शिक्षा योजना निर्माण सम्वन्धमा ।
१२) औषधी खरिद सम्वन्धमा ।
१३) मनोनयन सम्वन्धमा ।
१४) विशेष अनुदान प्राप्त साझेदारी कार्यक्रम संशोधन सम्वन्धमा ।
१५) योजना सम्झौता सम्वन्धमा ।
१६) ठेक्का सम्झौता सम्वन्धमा ।
१७) सिप विकास तालिम संचालन सम्वन्धमा ।
१८) वजेट विनियोजन सम्वन्धमा ।
१९) जाली उपलब्ध गराउने सम्ब्न्धमा ।
२०) बजेट माग गर्ने सम्वन्धमा ।

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं.१

तामाकोशी गाउँपालिकाबाट प्रचलित कानून अनुसार गाउँपालिकाको प्रशासनिक केन्द्र तोक्ने कार्य सम्पन्न भएको र सो अनुसार तोकिएको स्थानमा जग्गादाताबाट निशुल्क तपशिल बमोजिमको जग्गा प्राप्ती भई आवश्यक पर्ने क्षेत्रफल अनुसारको जग्गा सिमाङ्कन गर्ने कार्य समेत सम्पन्न भएकाले थप प्रकृया अघि बढाउने ।

| क्र स | जग्गा दाताको नाम थर | ठेगाना | रोपनी क्षेत्रफल | कित्ता. न. | प्राप्त जग्गाको सिमाना |
|---|---|---|---|---|---|
| १ | पर्शुराम खत्री | तामाकोशी गा.पा-०३ | ७ रोपनी | ९१९,९१७ | दक्षिण तर्फ |
| २ | घनश्याम दाहाल | तामाकोशी गा.पा-०३ | ७ रोपनी | ३२२,३२३ | दक्षिण पुर्व तर्फ |
| ३ | कमल राज पोखरेल | तामाकोशी गा.पा-०३ | ४ रोपनी | ५९४ | दक्षिण तर्फ |
| ४ | राजन पोखरेल | तामाकोशी गा.पा-०३ | १ रोपनी | ५५७ | दक्षिण तर्फ |
| ५ | आनन्द पोखरेल | तामाकोशी गा.पा-०३ | १ रोपनी | ५५८ | दक्षिण तर्फ |
| ६ | थिरहरी पोखरेल | तामाकोशी गा.पा-०३ | १.५ रोपनी | १२५ | दक्षिण तर्फ |
| ७ | लिलामाया पोखरेल | तामाकोशी गा.पा-०३ | १ रोपनी | १२३,१२४ | दक्षिण तर्फ |
| ८ | बिमला पोखरेल | तामाकोशी गा.पा-०३ | १ रोपनी | १८७ | दक्षिण तर्फ |
| ९ | मनमाया पोखरेल | तामाकोशी गा.पा-०३ | ४ आना | १९१ | दक्षिण तर्फ |
| १० | चिनिदेवी पोखरेल | तामाकोशी गा.पा-०३ | १ रोपनी | १८९ ,२०८) | २०८ पुरै |
| ११ | पर्शुराम पोखरेल | तामाकोशी गा.पा-०३ | १ रोपनी | २०७ | २०७ पुरै |
| १२ | बालकुमारी पोखरेल | तामाकोशी गा.पा-०३ | ८ आना | २२० | दक्षिण तर्फ |
| १३ | इन्द्रिरा पोखरेल | तामाकोशी गा.पा-०३ | १ रोपनी | ६२६ | उत्तर पश्चिम |
| १४ | सानु पोखरेल | तामाकोशी गा.पा-०३ | १.५ रोपनी | ५९८ | बिचमा |
| १५ | कुण्डल पोखरेल | तामाकोशी गा.पा-०३ | ६ आना | ६२५ | दक्षिण पश्चिम |

Scanned with CamScanner

निर्णय नं.२

शैक्षिक सत्र २०८१ को राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८१-०८-२८ गते देखि ३० गतेसम्म तामाकोशी गाउँपालिका वडा नं.२ झुलेमा सम्पन्न गर्ने मिति २०८१-०६-१५ को कार्यपालिकाको निर्णय अनुसार उक्त प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि १० वटा प्रतियोगि विद्यालयहरुलाई प्रति विद्यालय ८० हजार कार्यक्रम सञ्चालन खर्च दिने र आयोजक गाउँ शिक्षा समितिका अध्यक्ष तथा वडा नं.२ का वडा अध्यक्षको सम्पूर्ण रुपमा जिम्मेवारी रहने गरी मञ्च व्यवस्थापन, अतिथि सत्कार, स्वयमसेवकहरुको खाना-खाजा, पारिश्रमिक, पुरस्कार तथा विविध शीर्षकमा खर्च हुने गरी रु ३ लाख रकम अमर मा.विको खातामा पेश्की रकम निकासा दिने र कार्यक्रम सम्पन्न भएपश्चात नियमानुसारको वील भरपाई पेश गरे पश्चात बाँकी रकम निकासा दिने ।

निर्णय नं.३

राष्ट्रपति रनिङ शिल्डको उद्घाटन समारोहका लागि बागमति प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीज्यूलाई निमन्त्रणा गर्ने र कार्यक्रमको समापनका लागि दोलखा जिल्लाका संघिय सांसद गंगा कार्कीज्यूलाई अतिथिका रुपमा आमन्त्रण गर्न आयोजक विद्यालयहरुलाई जानकारी गराउने ।

निर्णय नं.४

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९(संशोधन सहित) तथा तामाकोशी गाउँपालिका शिक्षा ऐन, २०७५(संशोधन सहित) मा श्रोत व्यक्तिको काम, कर्तव्य र अधिकार स्पष्ट रुपमा तोकिएकोले सो अनुसारका कार्यहरु र कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।०८२ मा मेन्टर नियुक्त गर्ने अवधारणाका आधारमा काम तोकिएकाले शिक्षा शाखाबाट तोकिएका थप कार्यहरु समेत गर्ने गरी दरवन्दी रहेकै विद्यालयबाट तलव, भत्ता भुक्तानी हुनेगरी कालिका माध्यमिक विद्यालयका मावि द्वितीय श्रेणीका शिक्षक(नि.प्र.अ.) भरत मुखिया सुनुवारलाई शिक्षा शाखामा रही कामकाज गर्न तोक्ने र निजले पठनपाठन गर्दै आएका विषयहरुको निरन्तरताका लागि पालिकाभित्र कार्यरत शिक्षकहरुमध्येबाट वा शिक्षाशाखाका लागि वार्षिक रुपमा स्वीकृत रकमको परिधिभित्र रही पालिकालाई थप व्ययभार नपर्नेगरी कक्षा व्यवस्थापन गर्ने गरीएकमुष्ट वार्षिक रु ३ लाख भुक्तानीको व्यवस्था गर्न शिक्षा शाखालाई निर्देशन दिने ।

निर्णय नं.५

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/०८२(शिक्षा) बमोजिम आ.व. २०८१/०८१ मा स्थानीय तहका लागि सशर्त अनुदानमा वित्तिय हस्तान्तरण भई प्राप्त भएका ३ वटा कार्यक्रमलाई तपसिल अनुसारका विद्यालयलाई वितरण गरि कार्यान्वयन गर्ने।

क. नारायणी मा.वि.,तामाकोशी-०१,भिरकोट,दोलखा -ICT

ख. जनप्रभात मा.वि.तामाकोशी-०२,झुले,दोलखा-ICT

ग. महेन्द्र मा.वि.,तामाकोशी-०६,च्यामा,दोलखा-पुस्तकालय

Scanned with CamScanner

निर्णय नं.६

कार्यक्रम कार्यान्वयन पुस्तिका(शिक्षा)२०८१/०८२ को सशर्त कार्यक्रम अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि स्यानिटरी प्याड वितरण गर्ने प्रयोजनको लागि स्यानिटरी प्याड वितरण कार्यविधि -२०७६,परिच्छेद-६,दफा २० को, उपदफा ६ बमोजिम सम्बन्धित विद्यालयमा रकम निकासा तथा कार्यान्वयन पुस्तिका मा उल्लेख भए अनुसार कार्य गर्न लगाई अनुगमन गर्ने तथा कार्य विधि अनुसार प्रतिवेदन तयार गर्न शिक्षा शाखालाई निर्देशन गर्ने ।

निर्णय नं.७

नेपाल विद्युत प्राधिकरण रामेछाप गर्ज्याङ खिम्ति १३२ के.भी. प्रसारण लाईन आयोजना खरिपाटी भक्तपुरले सामाजिक उत्तरदायित्व अन्तर्गत कार्य गर्न तामाकोशी गाउँपालिका वडा नं.५ अन्तर्गतका ४(चार) वटा योजनाका लागिं दुवैपक्षबाट समझदारी भई रु.३१,६६,८६५.२५ रकम बराबरको कार्यको लागि सम्झौता गर्न तहाँबाट अनुरोध भई आएकाले तामाकोशी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई सम्झौता गर्न निर्देशन दिने ।

निर्णय नं.८

चालु आ.व.२०८१/०८२ का लागि एक वडा एक कृषि पशुपालन प्रवर्द्धन कार्यहरु सञ्चालनका लागि तामाकोशी गाउँपालिका वडा नं. २ मा भेडा पालन व्यवसाय प्रवर्द्धनका लागि सम्बन्धित निकायमा आवश्यक प्रक्रिया पुरा गरी पत्राचार गर्न शाखालाई निर्देशन दिने ।

निर्णय नं.९

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ को नियम ९३ सँग सम्बन्धित अनुसूची १३ मा स्थायी प्रधानाध्यापकको योग्यता एमफिल तोकिएको र गोल्मेश्वर माविमा लामो समयदेखि कामकाज गर्दै आउनुभएका शिक्षक मावि द्वितीय श्रेणी (नि.प्र.अ.) सञ्जय कुमार खड्काले आफ्नो योग्यता तथा क्षमता विकास गर्ने गरी एमफिल गर्नका लागि २ वर्षको अध्ययन विदा पाउँ भनी मिति २०८१/०८/१० मा यस पालिकामा निवेदन दिएको र सोही व्यहोरा वमोजिमको मिति २०८१/०८/१४ गतेका दिन, उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको वैठकवाट समेत अध्ययन विदा स्वीकृतका लागि निर्णय सहितको सिफारिस भएकाले प्रचलित कानून अनुसार शिक्षा विकास तथा समन्वय इकाई दोलखामा निजको विदा स्वीकृतिको लागि सिफारिस गर्न शिक्षा शाखालाई निर्देशन दिने ।

निर्णय नं.१०

Scanned with CamScanner

लागि सिफारिस भएकोमा प्राकृतिक प्रकोप तथा चाडपर्व विदा तथा प्रमुख प्रशासकीय अधिकृत लामो समय कार्यालयमा अनुपस्थित हुनु भएका कारण नियुक्ति प्रकृया अघि नबढेकोमा मिति २०८१/०९/०१ गते देखि लागु हुनेगरी छनौट भएका उमेदवारलाई नियुक्ति दिन स्वास्थ्य शाखालाई निर्देशन दिने ।

निर्णय नं.११

गाउँपालिका प्रमुखको अध्यक्षतामा तामाकोशी गाउँपालिका शिक्षा योजना निर्माण प्रक्रिया अघि बढाउने प्रयोजनका लागि आवश्यक पर्ने विज्ञ सदस्यको खोजी गरी व्यवस्थापन कार्य अघी बढाउन शिक्षा शिक्षा शाखालाई निर्देशन दिने ।

निर्णय नं.१२

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधी खरिद गर्ने प्रक्रिया अघि बढाउन स्वास्थ्य शाखालाई निर्देशन दिने ।

निर्णय नं.१३

तामाकोशी गाउँपालिकाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ परिच्छेद २ को च, ज र झ मा भएको व्यवस्था वमोजिम स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय स्वास्थ्य क्षेत्रका तपसिलका महानुभावहरुलाई अनुसार सदस्यमा मनोनयन गर्ने,

क) गीता मिजार - दलित महिला सदस्य
ख) दल बहादुर खड्का - सदस्य
ग) रीता पोखरेल - कार्यपालिका सदस्य
घ) निर्मला खड्का — राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका

निर्णय नं.१४

संघीय सरकारवाट विशेष अनुदानमा प्राप्त भएको साझेदारीमा कृषि, पशुपालन तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमलाई कार्यान्वयन गर्न तपसिल वमोजिम हुनेगरी संशोधनका लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने ।

तपसिलः

१. संशोधनका लागि अनुरोध भएको कार्यक्रमको नामः कृषक समूह मार्फत साझेदारीमा कृषि, पशुपालन तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम

२. साझेदारी कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित कार्यक्रमको विवरणः

| क्र. | विवरण | संघीय सरकार विशेष अनुदान मार्फत ८० प्रतिशत | कृषक समूह मार्फत साझेदारी २० प्रतिशत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | गाई-भैसी, वाखा, वंगुर खरिद कार्यक्रम | १ करोड ८४ लाख | ४६ लाख | २ करोड ३० लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | व्यवसायिक आलु तथा किवी खेति विस्तार कार्यक्रम | ५२ लाख | १३ लाख | ६५ लाख | |
| ३ | कृषि यान्त्रीकरण खरिद कार्यक्रम | ४४ लाख | ११ लाख | ५५ लाख | |
| जम्मा | | २ करोड ८० लाख | ७० लाख | ३ करोड ५० लाख | |

निर्णय न. १५

यस कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतबाट उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरु सम्झौताका लागी अख्तियारी पूर्वाधार शाखा प्रमुख ईन्जिनियरलाई अधिकार प्रत्यायोजन भए बमोजिम हाललाई कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत लामो समय देखि अनुस्पथित रहेको र हाल उहाँको सरुवा भैसकेको साथै कार्यालयको लागि आउने प्रमुख प्रशासकीय अधिकृतको टुङ्गो लागि नसकेको अवस्थामा ठेक्का प्रकृया द्वारा हुने योजनाहरु सम्झौता नहुँदा समयमा नै कार्य सम्पन्न नहुने भएकाले हाललाई नि. प्रमुख प्रशासकीय अधिकृतलाई उत्त कार्य गर्न निर्देशन दिने।

निर्णय न.१६

ढोलीखोला तामाकोशी दोभान उत्खननको गाउँपालिका र चतुररुप निर्माण सेवा विच सम्झौता गर्ने अन्तिम म्याद २०८१/०६/१६ गते सम्म रहेकोमा उत्त फर्मले कबोल गरेको जम्मा रकम रु १,३५,६०,०००/- मध्य मिति २०८१/०६/१५ गतेमा रु ६८,००,०००/- को जम्मा बैक जमानत र मिति २०८१/०६/१६ मा रु ६२,३५,०००/- को बैक दाखिला नगद भौचर पेश गरेको र अपुग रु ५,२५,०००/- तोकीएको म्याद भित्र दाखीला नगरेको हुनाले उत्त फर्मले मिति २०८१/०६/१६ मा अपुग रकम सात(७) दिन भित्र जम्मा गर्ने गरी निवेदन दिएको तर तोकिएको मिति भित्रमा जम्मा नगरी मिति २०८१/०६/२३ मा पुन २(दुई) महिना भित्रमा उत्त अपुग रकम जम्मा गर्ने गरी दिएको निवेदन अनुसार मिति २०८१/०८/२० मा अपुग रकम रु ५,२५,०००/-बैक दाखिला नगद जम्मा गरेको बैक भौचर प्राप्त भएको हुनाले कबोल गरेको मुल्य र गाउँपालिकालाई बुझाउने राजस्वमा कुनै फरक नपर्ने गरी दाखिला गरेको मिति पछी सम्झौता गर्नको लागी प्रमुख प्रशासकीय अधिकृतको सरुवा भैसकेको र आर्थिक अख्तियारी सहितको जिम्मेवारी कोही कसैलाई नतोकिएको अवस्था विधमान भएकाले उत्त चतुररुप निर्माण सेवाले सम्पुर्ण दायित्व पुरा गरी सकेको र गाउँपालिकालाई राजस्व आम्दानी हुने भएको हुदा गाउँपालिका अध्यक्षबाट सम्झौता र कायदेश दिने निर्णय गरियो ।

निर्णय न. १७

आर्थिक वर्ष ०८१/८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा विनियोजित सशर्त अनुदान तर्फको बजेटबाट वडागत प्राथमिकिकरण अनुसारका सुचिकृत लाभग्राहीहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यबिधि २०७९ को दफा ३३ बोजिमका सिप विकास तालिमका क्षेत्रहरु मध्ये तपशिल बमोजिमका सिप विकास सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | व्यवसायिक आलु तथा किवी खेति विस्तार कार्यक्रम | ५२ लाख | १३ लाख | ६५ लाख | |
| ३ | कृषि यान्त्रीकरण खरिद कार्यक्रम | ४४ लाख | ११ लाख | ५५ लाख | |
| | जम्मा | २ करोड ८० लाख | ७० लाख | ३ करोड ५० लाख | |

**निर्णय न. १५**

यस कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतबाट उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरु सम्झौताका लागी अख्तियारी पूर्वाधार शाखा प्रमुख ईन्जिनियरलाई अधिकार प्रत्यायोजन भए बमोजिम हाललाई कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत लामो समय देखि अनुस्पथित रहेको र हाल उहाँको सरुवा भैसकेको साथै कार्यालयको लागि आउने प्रमुख प्रशासकीय अधिकृतको टुङ्गो लागि नसकेको अवस्थामा ठेक्का प्रकृया द्वारा हुने योजनाहरु सम्झौता नहुँदा समयमा नै कार्य सम्पन्न नहुने भएकाले हाललाई नि. प्रमुख प्रशासकीय अधिकृतलाई उक्त कार्य गर्न निर्देशन दिने।

**निर्णय न.१६**

ढोलीखोला तामाकोशी दोभान उत्खननको गाउँपालिका र चतुररुप निर्माण सेवा विच सम्झौता गर्ने अन्तिम म्याद २०८१/०६/१६ गते सम्म रहेकोमा उक्त फर्मले कवोल गरेको जम्मा रकम रु १,३५,६०,०००/- मध्य मिति २०८१/०६/१५ गतेमा रु ६८,००,०००/- को जम्मा बैक जमानत र मिति २०८१/०६/१६ मा रु ६२,३५,०००/- को बैक दाखिला नगद भौचर पेश गरेको र अपुग रु ५,२५,०००/- तोकीएको म्याद भित्र दाखीला नगरेको हुनाले उक्त फर्मले मिति २०८१/०६/१६ मा अपुग रकम सात(७) दिन भित्र जम्मा गर्ने गरी निवेदन दिएको तर तोकिएको मिति भित्रमा जम्मा नगरी मिति २०८१/०६/२३ मा पुन २(दुई) महिना भित्रमा उक्त अपुग रकम जम्मा गर्ने गरी दिएको निवेदन अनुसार मिति २०८१/०८/२० मा अपुग रकम रु ५,२५,०००/-बैक दाखिला नगद जम्मा गरेको बैक भौचर प्राप्त भएको हुनाले कवोल गरेको मुल्य र गाउँपालिकालाई वुझाउने राजस्वमा कुनै फरक नपर्ने गरी दाखिला गरेको मिति पछी सम्झौता गर्नको लागी प्रमुख प्रशासकीय अधिकृतको सरुवा भैसकेको र आर्थिक अख्तियारी सहितको जिम्मेवारी कोही कसैलाई नतोकिएको अवस्था विधमान भएकाले उक्त चतुररुप निर्माण सेवाले सम्पुर्ण दायित्व पुरा गरी सकेको र गाउँपालिकालाई राजस्व आम्दानी हुने भएको हुदा गाउँपालिका अध्यक्षवाट सम्झौता र कायदेश दिने निर्णय गरियो ।

**निर्णय न. १७**

आर्थिक वर्ष ०८१/८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा विनियोजित सशर्त अनुदान तर्फको वजेटबाट वडागत प्राथमिकिकरण अनुसारका सुचिकृत लाभग्राहीहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि २०७९ को दफा ३३ वोजिमका सिप विकास तालिमका क्षेत्रहरु मध्ये तपशिल बमोजिमका सिप विकास सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

तपशिल

१) प्लमबर

२) इलेक्ट्रिसियन

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत सशर्त अनुदान तर्फ विनियोजित सिप विकास तालिम सञ्चालनका लागि प्राप्त बजेटबाट युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि २०७९ को दफा ६१ बोजिमको मापदण्ड पुरा गरेका सेवा खरिदका लागि १५ दिने सूचना मार्फत शिलबन्दी बोलपत्र मार्फत कार्यस्थलमा आधारित सिप विकास तालिम सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउनका लागि सम्बन्धित शाखालाई निर्देशन दिने ।

निर्णय न. १८

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका मिति २०८१/०३/०९ गतेको गाउँ सभाबाट स्विकृत योजनाहरुमा सशर्त अनुदान रोजगारी सृजना तर्फ प्राप्त रकमबाट प्राथमिकिकरणको आधारमा वडागत सुचिकृत बेरोजगार व्यक्तिको आधारमा तपशिल अनुसारको स्विकृत रोजगारमुलक योजनाहरुमा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा | योजनाको नाम | रोजगारी संख्या | जम्मा बजेट | तालिम ५० दिन | कार्यस्थलमा आधारित बजेट तालिम वापत | कुल बजेट |
|---|---|---|---|---|---|---|
| १ | आहाले ओखरबोट पदमार्ग निर्माण योजना | ६ | ४८४८०० | ० | ० | ४८४८०० |
| | सालघारी माझगाउँ पदमार्ग निर्माण योजना | ७ | २८२८०० | ७ | २८२८०० | ५६५६०० |
| २ | भतेरेचौर बतासेखोला पात्ले समिवारी पैदलमार्ग निर्माण योजना | ४ | ३२३२०० | ० | ० | ३२३२०० |
| | जिम्वारी स्कुलडाँडा ढाडँ कामवारी पैदल मार्ग निर्माण | ४ | १६१६०० | ४ | १६१६०० | ३२३२०० |
| ३ | मानेडाँडा छौडे सडक सोलिङ तथा नाला मर्मत | ५ | ४०४००० | ० | ० | ४०४००० |
| | सिमलडाँडा मसार धोक्रेवारी छौंडे गोरेटो बाटो मर्मत | ६ | २४२४०० | ६ | २४२४०० | ४८४८०० |
| ४ | मालुखोला चैकेवारी गैरागाउँ पदमार्ग | ७ | २८२८०० | ७ | २८२८०० | ५६५६०० |
| | वाघखोर दोवाटे हुँदै भिरखर्क फेवाताल पदमार्ग | ६ | ४८४८०० | ० | ० | ४८४८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | अखौंले ओखरबोट सिढिँ निर्माण योजना | ४ | ३२३२०० | ० | ० | ३२३२०० |
| | सुन्दरी खोला भट्टराई कुवा पिपलडाँडा सिँढि निर्माण | ४ | १६१६०० | ४ | १६१६०० | ३२३२०० |
| ६ | पाखाघर कडिन सडक सोलिङ योजना | ४ | ३२३२०० | ० | ० | ३२३२०० |
| | पुछारगाउँ जनज्योति सडक सोलिङ योजना | ४ | १६१६०० | ४ | १६१६०० | ३२३२०० |
| ७ | पालस्वारा देखि बतासे भदौरा सडक सोलिङ निर्माण योजना | ५ | २०२००० | ५ | २०२००० | ४०४००० |
| | बुकुनी सल्लेरी सडक सोलिङ निर्माण योजना | ५ | ४०४००० | ० | ० | ४०४००० |
| | | ७१ | ४२४२००० | ३७ | १४९४८०० | ५७३६८०० |

निर्णय नं. १९

जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय चरिकोट दोलखाबाट मिति २०८१/०४/०३ को पत्र बमोजिम यस गाउँपालिकामा प्राप्त भएको २० थान(१.५*१*१)को जाली मध्ये तामाकोशी गाउँपालिका वडा न. ६ च्यामा रहेको पोखरे सुर्यदय गहतेरी सल्लेनी डाडा खुवाचौर कृषी सडक खण्डमा पहिरो गएको हुदा सोको रोकथामको लागी १६ थान जाली उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न. २०

तामाकोशी गाउँपालिका वडा नं.४ मालु स्थित गडाको अत्यन्त आवश्यकता र महत्व रहेको पुष्पलाल मार्ग मालुखोला हुदै मालु डाडागाउँ पालिका केन्द्र मानेडाँडा जोडने सडक खण्ड निर्माणका लागि सहरी विकास मन्त्रालयको स्थानिय पूर्वाधार विभाग तथा मातहतका निकायमा बजेट माग गर्ने निर्णय गरियो ।

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner